# सांस्कृतिक समतुल्यताका दृष्टिले 'आज रमिता छ' उपन्यासको अङ्ग्रेजी अनुवाद

- वीरेन्द्र छेत्री

बिरसा मुन्डा महाविद्यालय

**सार-** अनुवादमा समतुल्यता शब्दको प्रयोग उन्नाईसौँ शताब्दीको साठीको दशकदेखि भएको देखिन्छ। जन पल भिनय र जन दार्वलने (इ सं १९५८), रोमन याकोव्सन (इ सं १९५९), जे सी क्याटफर्ड (इ सं १९६५), युजिन नाइडा र चाल्स आर टेबर (इ सं १९६९), वर्नर कोलर (इ सं १९७९), जुलिया हाउस (इ सं १९९७), पिटर न्युमार्क (इ सं १९८१), मोना बेकर (इ सं१९९२), एन्थोनी प्याम् (इ सं२०१०) आदिले समतुल्यताको अवधारणालाई अघि ल्याउन विशेष योगदान दिएका छन्। विभिन्न अध्येताहरूले विभिन्न प्रकारका समतुल्यताको कुरा गरेको पाइए तापनि मूल रूपमा भाषिक, प्रयुक्तिगत र संरचनात्मक समतुल्यता प्रमुख देखिन्छन्। तर उन्नाइसौँ अस्सीको दशकदेखि भने अनुवादमा संस्कृतिको आगमन आएको देखिन्छ जसलाई अध्येताहरूले 'कल्चरल टर्न' भनेको पाइन्छ। विशेष गरी सुसान बास्नेट, आन्द्रे लेफेबर, लरेन्स भेनुती, मेरी स्नेल-हर्नबेप्रभृति अध्येताहरूले अनुवादलाई सांस्कृतिक अनुवाद भनी स्रोत र लक्ष्य संस्कृतिको व्यापकतामा अनुवादलाई हेर्ने अन्तर्दृष्टि विकसित गरेको पाइन्छ। **ट्रान्सलेसन स्टडिज** (इ सं २००२), **ट्रान्सलेसन, हिस्ट्री एन्ड कल्चर** (इ सं १९९२), **कन्स्ट्रक्टिङ कल्चर** (इ सं १९९८), **पोस्ट कोलोनियल ट्रान्सलेसन : थियरी एन्ड प्राक्टिस** (इ सं १९९९) जस्ता अनुवादसम्बन्धी पछिल्ला समयका सैद्धान्तिक पुस्तकहरूमा अनुवादलाई सांस्कृतिक अनुवादका रूपमा उभ्याइएको पाइन्छ। साहित्यिक अनुवादमा अन्तरसांस्कृतिक व्यवधान जहिले पनि रहन्छ। यसको सही व्यवस्थापन र विश्लेषण हुनु आवश्यक देखिन्छ। भाषाको कुरा गर्नु भनेको संस्कृतिको कुरा गर्नु हो। अत: प्रस्तुत कार्यपत्रमा अनुवादमा देखा पर्ने सांस्कृतिक समतुल्यतालाई विषयका रूपमा ग्रहण गरिएको छ। यसका लागि माथि उल्लेखित सैद्धान्तिक कृतिहरूलाई विश्लेषणको मूल आधार बनाइएको छ भने इन्द्रबहादुर राईकृत **आज रमिता छ** उपन्यासको अङ्ग्रेजी अनुवाद **देअर् इज् अ कार्निवल टुडे**लाई अनूदित पाठका रूपमा ग्रहण गरिएको छ। संस्कृतिका घटकमध्ये सम्बन्धित भूगोलको अर्थतन्त्र, राजनीति, विचारधारा, विश्वास, रीतिथिति, बोलीचाली, शिल्प आदि सबै पर्दछन्। यस दृष्टिकोणबाट हेर्दा **आज रमिता छ** उपन्यासले तत्कालीन दार्जिलिङे नेपाली समाजको दह्रो प्रतिनिधित्व गरेको पाइन्छ। आख्यानमा उसै पनि समाज-सांस्कृतिक पक्ष प्रबल रूपमा आएको हुन्छ। मञ्जुश्री थापाले यस उपन्यासलाई अङ्ग्रेजी भाषामा अनुवाद गरेकी छन्। यद्यपि यस अनूदित पाठमा अन्तरसांस्कृतिक व्यवधानलाई कसरी सम्प्रेषणीय बनाइएको छ भन्ने कुरा अध्ययनको विषय हो। यही विषयलाई यहाँ समस्याका रूपमा राखिएको छ भने विश्लेषणका लागि तुलनात्मक पद्धति अवलम्वन गरिएको छ। नेपाली र अङ्ग्रेजी पाठको तुलना गरी संस्कृतिजन्य शब्दावलीहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने लक्ष्य यस शोधपत्रमा राखिएको छ।

**बीज शब्द-** अनुवाद अध्ययन, समतुल्यता, अन्तरसांस्कृतिक व्यवधान, अन्तरअनुशासनात्मकता, सम्प्रेषण, अनअनुवादनीयता, अनुवादनीयता।

## १ नयाँ ज्ञानानुशासनका रूपमा अनुवाद अध्ययन

रोमेली आचार्यहरू सिसिरो, होरेस, क्विन्टिलिन तथा सन्त जेरोम, जोन डाइड्रेन, गोइथे, फेडरिक स्लेमार्चर आदिले अनुवादसम्बन्धी प्रारम्भिक अध्ययन प्रस्तुत गरेपछि वल्टर बेन्जामिन, एज्रा पाउन्ड, जर्ज लुइस बर्गेस तथा रोमन याकोव्सन आदिले अनुवादसम्बन्धी केही महत्त्वपूर्ण सिद्धान्त अघि ल्याए। यही क्रममा बाइबलको अनुवादमा संलग्न बनी अनुवादको व्यावहारिक पक्षलाई आफ्ना सूक्ष्म मेधाद्वारा निफननाफन गर्ने युजिन नाइडाका अनुवादसम्बन्धी मान्यताबाट अनुवादलाई हेर्ने नवीन दृष्टिकोणको सूत्रपात भएको देखिन्छ। युजिन नाइडा, पिटर न्युमार्क, जे.सी क्याटफर्ड तथा सुसान बास्नेटजस्ता अनुवादशास्त्रीहरूको मान्यता र सिद्धान्तले अनुवादलाई एउटा गम्भीर विषयका रूपमा स्थापित गरिदिए पछि यसबारे अध्ययन, अनुसन्धान गर्नेहरूको सङ्ख्यामा वृद्धि हुन थालेको देखिन्छ। दोयम दर्जाको स्विकारिएको अनुवादलाई परवर्ती समयमा मर्यादा दिलाउने काम मात्र भएन तर यस विधालाई एउटा बहुआयामिक विधाका रूपमै उभ्याइएको देखिन्छ। आज आएर अनुवाद अध्ययन एउटा छुट्टै ज्ञानानुशासनका रूपमा स्थापित भइसकेको छ। प्रायोगिक भाषाविज्ञानको एउटा शाखाका रूपमा रहेको अनुवाद विज्ञानलाई जेम्स होम्सले इ सं १९७२ मा अनुवाद अध्ययन (ट्रान्सलेसन स्टडिज) भनी नामकरण गरे पश्चात् अनुवाद अध्ययन एउटा नयाँ ज्ञानानुशासनका रूपमा स्थापित भएको पाइन्छ। पछिल्लो समयमा अनुवादको अर्थ, परिभाषा तथा प्रकारबारे जति चर्चा भएको छ त्यसभन्दा बढी अनुवादको मूल्याङकन, अनुवाद प्रक्रिया र अनुवादको इतिहासबारे चर्चा भएको पाइन्छ। आन्द्रे लेफिभ्रे, लरेन्स भेनुती, सुसान बास्नेट, जुलिया हाउज, गिडन टोरी, मेरी इस्नेल हर्नबे, मोना बेकर, हान्स भरमिर, क्याथरिन राइस, गायत्री चक्रवर्ती स्पिभाक, हरिश त्रिवेदी, तेजस्विनी निरञ्जना, रीता कोठारी प्रवृत्ति अध्येताहरूले अनुवादलाई एउटा अन्तर्अनुशासनात्मक विषयका रूपमा प्रतिष्ठापित गराउन उल्लेखनीय भूमिका निर्वाह गरेका छन्।

## २ अनुवाद अध्ययनमा सांस्कृतिको आगमन

कुनै एउटा भाषाको कुरा गर्नु भनेको कुनै एउटा संस्कृतिको कुरा गर्नु हो। शब्दमा अन्तर्निहित अर्थ जहिले पनि संस्कृति सापेक्ष हुन्छ। एउटा भाषाबाट अर्को भाषामा अनुवाद गर्नु भनेको एउटा संस्कृतिलाई अर्को संस्कृतिमा स्थानान्तरण गर्नु हो। तर यो प्रक्रिया निकै जटिल र समस्यामूलक हुने गर्दछ। अनुवादक जहिले पनि मूल पाठ र अनूदित पाठमाझ एउटा सहज समतुल्यताको आविष्कार गर्दै अनूदित पाठलाई लक्ष्य पाठकका लागि सम्प्रेषणीय बनाउन सङ्घर्षशील रहन्छन्। समाज-सांस्कृतिक व्यवधानको कारण नै अनुवादमा अनअनुवादनीयता र अनुवादनीयताको सृजना भएको देखिन्छ। प्राप्ति र क्षयको सन्दर्भ पनि संस्कृति सापेक्ष देखिन्छ। अनुवाद मूल्याङ्कनको एकाइका रूपमा पनि संस्कृतिलाई राखिएको पाइन्छ। अनुवादलाई विभिन्न कालखण्डमा विभिन्न सिद्धान्त र पद्धतिद्वारा विश्लेषण गरिएको पाइन्छ। अनुवाद मूल्याङ्कनको एकाइका रूपमा वर्णजस्तो सूक्ष्म एकाइदेखि शब्द, वाक्य हुँदै सम्पूर्ण अनूदित पाठ र समग्र संस्कृतिसम्मलाई एकाइका रूपमा स्वीकार गरिएको पाइन्छ। अनुवाद एउटा स्वतन्त्र विधाका रूपमा अघि आए पछि यसलाई हेर्ने दृष्टिकोणमा पनि उल्लेखनीय परिवर्तन आएको देखिन्छ। लरेन्स भेनुती, आन्द्रे लेफिभ्रे, सुसान बास्नेट, मेरी स्नेल-होर्नबे आदिले अनुवादलाई सांस्कृतिक क्रियाकलापका रूपमा हेर्ने प्रयास गरेको देखिन्छ। हुन त युजिन नाइडाद्वारा प्रतिपादित रूपात्मक र गतिशील

समतुल्यताको सिद्धान्तमध्ये गतिशील समतुल्यताले पनि वास्तवमा भाषिक नभएर सांस्कृतिक समतुल्यतालाई नै सङ्केत गरेको देखिन्छ। पिटर न्युमार्क र कर्कउडको प्रयोगार्थक समतुल्यताको सिद्धान्तले पनि अनुवादमा देखापर्ने समाज-सांस्कृतिक सन्दर्भतिर औँल्याएको देखिन्छ। यसरी हेर्दा अनुवादमा समाज र संस्कृतिको कुरा कुनै नौला कुराचाहिँ होइन भन्ने थाहा लाग्दछ। अनुवादमा सांस्कृतिक समतुल्यता वा समाज-सांस्कृतिक पक्षलाई अनुवाद मूल्याङ्कनको एकाइ मान्ने अध्येताहरूमध्ये मेरी स्नेल-हर्नबे, लरेन्स भेनुती, जेम्स होम्ज, सुसान बास्नेट तथा आन्द्रे लेफिभ्रे प्रमुख देखिन्छन्। **द टर्न अव् ट्रान्सलेसन स्टडिज** नामक पुस्तकमा मेरी स्नेल-हर्नबेले उन्नाइसौँ सत्तरीको दशकलाई अनुवादमा प्रयोक्तिको आगमनको समय स्विकार्दै अस्सीको दशकलाई भने संस्कृतिको आगमनको समय भनी निर्धारण गरिएको उल्लेख गरेका छन् (हर्नबे इ सं २००६, पृ-३)। इ सं १९८५ मा थिओ हर्मन्जद्वारा सम्पादित **द म्यानिपुलेसन अव् लिटरेचर** प्रकाशित भएको देखिन्छ। साहित्यिक अनुवादलाई वैज्ञानिक ढङ्गमा व्याख्या विश्लेषण गर्ने एउटा वर्णनात्मक अध्ययन पद्धतिको विकास गर्ने मूल ध्येय राखिएको यस सङ्कलनमा विश्वभरिका अनुवादशास्त्रीहरूको लेख भेटिन्छ। यस सङ्कलनमा परेका प्राय: सबै निबन्धहरूले अनूदित पाठलाई भाषावैज्ञानिक घेराबाट बाहिर निकालेर लक्ष्य भाषा र संस्कृतिको व्यापक परिप्रेक्ष्यमा अनुवादलाई हेरिनु पर्ने अवकाश प्रदान गरेको देखिन्छ। लक्ष्य भाषा र साहित्यबाट विचार गर्नु हो भने कुनै पनि अनूदित पाठ मूल पाठको उद्देश्यप्रेरित नियन्त्रण (म्यानिपुलेसन) नै हो भन्ने मान्यता प्रस्तुत पुस्तकले टड्कारो रूपमा अघि ल्याएको देखिन्छ। कतिपय अध्येताहरूले यसलाई नियन्त्रणवादी सम्प्रदाय भनेर व्याख्या गरेको पाइन्छ। अनुवाद केवल भाषिक रूपहरूको स्थानान्तरण होइन तर एउटा बहुप्रणालीलाई अर्को बहुप्रणालीमा रूपान्तरण गर्ने एउटा महत्त्वपूर्ण प्रक्रिया हो। यसो हुँदा अनुवादमा अन्तरसांस्कृतिक व्यवधान टड्कारो रूपमा रहेको हुन्छ। साहित्यिक पाठलाई बहुप्रणालीको संज्ञा दिँदै यसबारे विस्तृत अध्ययन गर्ने विद्वान् इटमन इबन जोहार हुन्। जोहारद्वारा प्रतिपादित बहुप्रणाली सिद्धान्त (पलिसिस्टम थ्युरी)-ले अनूदित पाठलाई विभिन्न भाषेतर एकाइद्वारा मूल्याङ्कन गर्ने आधार प्रदान गरेको पाइन्छ। यस्ता आधारमध्ये समाज-सांस्कृतिक आधार निकै महत्त्वपूर्ण देखिन्छ। इ सं १९८८ मा इङल्यान्डको वार्विक विश्वविद्यालयमा सम्पन्न भएको सङ्गोष्ठीमा प्रस्तुत गरिएका शोध पत्रहरूको एउटा सङ्कलन **अनुवाद, इतिहास अनि संस्कृति** (१९९२) शीर्षकमा प्रकाशित भएको देखिन्छ। आन्द्रे लेफेबरद्वारा सम्पादित यस सङ्कलनको मूल अवधारणा नै संस्कृति रहेको पाइन्छ (लेफिभ्रे, इ सं १९९२, पृ-४)। सुसान बास्नेट र आन्द्रे लेफेबरद्वारा संयुक्त रूपमा प्रकाशित **कन्स्ट्रक्टिङ कल्चर** (१९९८) नामक सङ्कलनको पनि मूल विषय अनुवादमा इतिहास र संस्कृतिको सन्दर्भ नै रहेको देखिन्छ।

मूल पाठ र लक्ष्य पाठमा देखा पर्ने समाज-सांस्कृतिक दूरत्वलाई पन्साउनका लागि जुलियन हाउसले इ सं १९७७ मा सांस्कृतिक शुद्धीकरण (कल्चरल फिल्टर)-को अवधारणा बनाएको देखिन्छ। अनुवाद अध्ययनको उत्तरउपनिवेशवादी सिद्धान्तले पनि संस्कृतिलाई केन्द्रमा राखेको छ। यस सिद्धान्तको मूल पनि संस्कृति नै रहेको देखिन्छ। यसमाथि चिन्तन गर्ने अध्येताहरूले तेस्रो विश्वलाई गलत ढङ्गमा प्रस्तुत गरिएको छ भन्दै उपनिवेश कालमा भएका अनुवाद कार्यलाई पुनः निरीक्षण गर्नु पर्ने तर्क राख्दै आइरहेका छन्। यस समूहका महाश्वेता सेनगुप्ताले आफ्नो एउटा लेखमा विलियम जोन्स र अन्य अनुवादकले पूर्वेली कृतिहरू अतिरञ्जनामूलक, आध्यात्मिक, रहस्यमूलक र काल्पनिक रहेको विचारधारा पश्चिममा पुऱ्याए र यस्ता कृतिहरूलाई तर्कविहीन ठहराए भनेका छन् (सेनगुप्ता, इ सं १९९५, पृ-१५९)। अनुवादको समाज-सांस्कृतिक पक्षलाई लरेन्स भेनुतीले पनि महत्त्वपूर्ण ठानेका छन्। उनले आफ्नो कृति **द ट्रान्स्लेटर्स इन्भिजिबिलिटी**मा अनुवादकको अनुपस्थिति र अनुवाद सम्पन्न हुँदाको परिस्थितिबारे विस्तृत

अध्ययन गरेको पाइन्छ। भेनुतीले अनूदित पाठ अनुवादजस्तो प्रतीत हुनु हुँदैन भनेका छन्। यसका लागि अनुवाद लक्ष्य पाठकका लागि धाराप्रवाह (फ्लुएन्सी) प्रतीत हुनु पर्छ भन्ने तर्क उनले अघि ल्याएका छन्। अनुवाद जति धाराप्रवाह हुन्छ अनुवादक उति अनुपस्थित हुन्छन् भन्ने सूत्रको निर्माण पनि भेनुतीले उक्त पुस्तकमै सर्वप्रथम गरेका हुन्। धाराप्रवाह भन्नाको तात्पर्य अनूदित पाठ सांस्कृतिक रूपमा घरेलु प्रतीत हुनु नै हो। यही स्वदेशीकरणको कारण अनुवादक अनूदित पाठमा नदेखिने हुन्छ। एउटा उदाहरण - "नाम थियो डिमी, आमाको नाम चैँ कादम। उनले घाँटीमा लेक, कानमा कादेङ चिनर, हातमा रय, कमरमा रङ्गीन पीनि, छातिमाथि जीछ पहिरेकी हुन्थी (भट्टाचार्य, इ सं २०१६, पृ-११)।" यस उद्धरणबट उसको नाम डिमी र आमाको नाम कादम रहेको बुझिन्छ अनि उसले आफ्ना घाँटी, कान, हात आदिमा केही लगाएकी रहिछन् भन्ने बुझिन्छ। तर ती आभुषण हुन् वा अन्य केही स्पष्ट हुँदैन। तर यसका अनुवादक नव सापकोटाले पादटिप्पणीमा क्रमैले मुगा, चाँदीका ठिउँरा, बाला, गुन्यू अनि हेम्बरी भनिदिए पछि कुरा बुझिन्छ। अनुवादक नव सापकोटाले असमिया संस्कृतिसँग सम्बन्धित अनेकौँ शब्दहरूलाई यसरी पादटिप्पणी दिएर अनूदित पाठलाई सम्प्रेषणीय तुल्याउने प्रयास गरेका छन्। भारतीय विद्वान् के वी तिरुमलेसले अनुवादलाई मूल र अनूदितभन्दा छुट्टै एउटा नयाँ साहित्यका रूपमा हेरेको देखिन्छ। अनुवाद सम्बन्धी देखिएका पूर्ववर्ती मान्यतालाई पन्साउँदै तेरुमलेसले 'साहित्य ३'-को अवधारणा अघि ल्याएको उल्लेख गोविन्दराज भट्टराईले आफ्नो पुस्तकमा गरेका छन् (भट्टराई, इ सं २०१५, पृ-३५)। अनूदित पाठ स्रोत र लक्ष्य भाषोन्मुख नभएर स्वतन्त्र हुन्छ भन्ने सूत्र तिरुमलेसको अवधारणामा भेटिन्छ। यस अवधारणाबाट पनि अनुवादमा अन्तरसांस्कृतिक व्यवधान कति टड्कारो रूपमा उपस्थित हुन्छ भन्ने थाहा पाइन्छ।

## ३ सांस्कृतिक समतुल्यताका दृष्टिले 'आज रमिता छ'को अङ्ग्रेजी अनुवाद

इन्द्रबहादुर राईद्वारा लिखित **आज रमिता छ** उपन्यास इ सं १९६४ मा प्रकाशित भएको पाइन्छ। जनकको पिता जनक र छोरा रवि गरी तीन पुस्तासम्मको समय अवधिलाई यस उपन्यासले समेटेको पाइन्छ। प्रस्तुत कृति दार्जिलिङ्को नगराञ्चलीय उपन्यास हो र यसमा दार्जिलिङ्का निम्न, निम्न मध्यम र मध्यम वर्गको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक एवम् राजनैतिक स्थिति तथा शोषण र अन्यायका विरुद्ध चिया कमानमा मजदुरहरूको साङ्गठनिक (ट्रेड युनियन) आन्दोलनको चित्रण रहेको छ (भट्टराई, इ सं २०१५, पृ-३५)। दार्जिलिङ्को संस्कृति मिश्रित संस्कृति हो। यहाँ विभिन्न जात गोष्ठीहरूको उपस्थिति रहेको पाइन्छ भने विविध रहनसहन, रीतिथिति, खानपिन, धर्म, विश्वास, भाषा, वेशभूषाले यहाँको जनजीवन प्रभावित देखिन्छ। नेपाली, लेप्चा, भोटिया लगायत बिहारी, बङ्गाली, मारवाडी आदि जातिहरू यहाँ बसोबास गर्छन्। अङ्ग्रेजी संस्कृतिको पनि प्रभाव उत्तिकै रहेको पाइन्छ। प्रस्तुत उपन्यासमा पनि दार्जिलिङको यही मिश्रित संस्कृतिको चित्रण पाइन्छ। अनुवादक मञ्जुश्री थापाले यस उपन्यासलाई **देअर् इज् अ कार्निवल टुडे** शीर्षकमा अनुवाद गरेकी छन्। अनूदित पाठमा इन्द्रबहादुर राईको सर्वाधिकार इ सं १९५८ रहेको पाइन्छ भने मञ्जुश्री थापाको अनूदित पाठको सर्वाधिकारमा इ सं २०१७ भनी उल्लेख गरिएको पाइन्छ। इ सं १९५८-मा लेखिसकेको तर इ सं १९६४-मा मात्र प्रकाशित भएको यस उपन्यासलाई त्रिपन्न वर्षपछि मञ्जुश्री थापाले अङ्ग्रेजीमा अनुवाद गरेकी हुन्। बाङ्लामा पनि समिक चक्रवर्तीले **आज रमिता** शीर्षक दिएर अनुवाद गरेका छन्। बाङ्ला अनुवादचाहिँ लाली गुराँस प्रकाशनद्वारा इ सं २०२०-मा निकालिएको

देखिन्छ। **देअर् इज् अ कार्निवल टुडे चाहिँ** स्पिकिङ् टाइगर, नयाँ दिल्लीद्वारा प्रकाशित देखिन्छ। व्याम्फ् अन्तर्राष्ट्रिय साहित्यानुवाद केन्द्र, क्यानाडाको सहयोग तथा प्यान अमेरिकाको वित्तीय सहयोगमा उक्त अनुवाद कृति प्रकाशित भएको पाइन्छ।

अनुवादमा समतुल्यताको प्रश्नमाथि निकै तर्कवितर्क भएको देखिन्छ। इ सं १९५९-मा रोमन याकोब्सनले 'अनुवादको भाषावैज्ञानिक पक्ष' भन्ने लेखमा समतुल्यता शब्दको सर्वप्रथम प्रयोग गरे पछि अनुवाद प्रक्रिया र अनुवाद मूल्याङ्कनका दिशामा यो अवधारणा स्थापित भएको देखिन्छ (याकोव्सन, इ सं २००४, पृ-११४)। याकोव्सनको अवधारणा भिन्नतामा समानान्तरता भन्ने सूत्रमा आधारित रहेको पाइन्छ। अनुवाद प्रक्रियामा प्रत्येक एकाइलाई समतुल्य एकाइद्वारा प्रतिस्थापन गर्नु नै समतुल्यताको सिद्धान्त हो। मूल लेखकले जस्तो प्रभाव पारेको छ अनुवादकले पनि त्यही अनुरूप प्रभाव पार्न सक्नु पर्छ भन्ने मान्यताका समर्थक जति छन् उति यसका विरोधी पनि छन्। नाइडा, क्याट्फर्ड, वर्नर कलर, पिटर न्युमार्क आदिले भिन्न भिन्न समयमा भिन्न भिन्न समतुल्यताका कुरा गरेका छन्। भाषिक समतुल्यता, संरचनागत समतुल्यता, शैलीगत समतुल्यता, सम्प्रेषणात्मक समतुल्यता, प्रयोगार्थक समतुल्यता, सांस्कृतिक समतुल्यता जस्ता समतुल्यताका अनेक तहबारे चर्चा भएको देखिन्छ। तर कुनै पनि सर्वमान्य र सर्वस्वीकृत भने पाइँदैन। जेम्स होम्स, हान्स भर्मिर, क्याथरिन रैस आदिले समतुल्यताको सिद्धान्त निकै जटिल, भ्रामक र समस्यामूलक रहेको उल्लेख गरेका छन्। अनुवाद अध्ययनका परवर्ती अध्येताहरूले समतुल्यताको सिद्धान्त विरोधाभासपूर्ण रहेको ठहर गरे तापनि अनुवाद प्रक्रिया र मूल्याङ्कनका सन्दर्भमा यसको उपादेयता छैन भन्न चाहिँ सकिँदैन। नाइडाद्वारा प्रतिपादित रूपात्मक र गतिशील समतुल्यताको सिद्धान्तमध्ये गतिशील समतुल्यताले पनि वास्तवमा भाषिक नभएर सांस्कृतिक समतुल्यतालाई नै सङ्केत गरेको देखिन्छ। पिटर न्युमार्क र कर्कउडको प्रयोगार्थक समतुल्यताको सिद्धान्तले पनि अनुवादमा देखापर्ने समाज-सांस्कृतिक सन्दर्भतिर औँल्याएको देखिन्छ। यसरी हेर्दा अनुवादमा समाज र संस्कृतिको कुरा कुनै नौला कुराचाहिँ होइन भन्ने थाहा लाग्दछ। अनुवादमा सांस्कृतिक समतुल्यता वा समाज-सांस्कृतिक पक्षलाई अनुवाद मूल्याङ्कनको एकाइ मान्ने अध्येताहरूमध्ये स्नेल-हर्नबाई, लरेन्स भेनुती, जेम्स होम्ज, सुसान बास्नेट तथा आन्द्रे लेफेबर प्रमुख देखिन्छन्। दुई भाषाबिचको सांस्कृतिक अन्तराल हटाउन अनुवादक जहिले पनि सङ्घर्षशील रहनु पर्छ। स्रोत भाषा र लक्ष्य भाषाबिच जति बढी अन्तराल हुन्छ अनुवादमा समतुल्यता निर्वाह गर्नु उति नै गाह्रो हुने देखिन्छ। यस्ता समस्यालाई अनुवादमा अन्तरसांस्कृतिक व्यवधान भनिएको पाइन्छ। यस्ता व्यवधानहरूलाई अनुवादकले एकदमै सचेततापूर्वक समाधान गर्नु पर्ने हुन्छ। यस्ता व्यवधानहरूको सृजना अनेक तहमा भेटिन्छन्। नातागोता, खानपिन, वेशभूषा, रहनसहन, लोकविश्वास, अन्धविश्वास, मिथक, उखान, टुक्का, ठट्टा, वक्रोक्ति लगायत स्रोत पाठमा प्रयुक्त विम्ब, प्रतीक आदि अनेक हुन सक्छन्। यस्ता व्यवधानका कारण समतुल्य शब्द नभेटिएका खण्डमा शब्दसापटी, शब्दग्रहण, शब्दविस्तार, टिप्पणी, परिभाषा जस्ता युक्तिद्वारा समतुल्यता कायम गर्ने प्रयास अनुवादकले गर्दछन्। कतिपय संस्कृतिजन्य शब्दहरूलाई लिप्यन्तरण गरी राख्नु पर्ने हुन्छ। तर लिप्यन्तरण प्रक्रियाले अनुवाद कहिलेकहीँ सम्प्रेषणीय बन्न सक्तैन भन्ने अध्येताहरूको भनाइ पाइन्छ। अनुवादक मञ्जुश्री थापाले नेपाली र अङ्ग्रेजी भाषाबिचको सांस्कृतिक दूरत्वलाई यस्ता अनेक युक्तिद्वारा समाधान गरेकी छन्। **आज रमिता छ** उपन्यासमा आएको 'रमिता' शब्द सोद्देश्यमूलक रहेको र यसले उपन्यासभरि नै व्यङ्ग्य र वक्रोक्तिको निर्माण गरेको देखिन्छ। यसका लागि अङ्ग्रेजी समतुल्य 'कार्निवल' शब्दको प्रयोग गरिएको पाइन्छ। कार्निवल इसाइ (क्याथोलिक)

धर्मावलम्बीहरूले लेन्ट उपवासअघि बढो हर्षोल्लाससँग पालन गर्ने उत्सव हो। नेपाली रमिता शब्दका पनि रमाइलो खेल, उत्सव, तमासा भन्ने अर्थ पाइन्छन्। तर उपन्यासमा भने यो शब्द व्यङ्ग्य र वक्रोक्तिका रूपमा प्रयोग गरिएको पाइन्छ भने त्यो व्यङ्ग्य र वक्रोक्तिलाई अङ्ग्रेजी पाठकले बुझ्दैनन् भन्न चाहिँ सकिँदैन। यसको बलियो प्रमाण उपन्यासको कथानक योजना हो। नातागोतासम्बन्धी शब्द र व्यक्तिवाचक नाम र स्थाननामलाई अनुवादक थापाले लिप्यान्तरण गरेकी छन्। कतिपय संस्कृतिजनीन शब्दहरूको समतुल्य शब्द लक्ष्य भाषामा पाइँदैन तर तिनलाई केही जुक्ति लाएर सम्प्रेषणीय बनाउन सकिन्छ भन्ने अवधारणालाई अनुवादक थापाले सार्थक पारेकी छन्। उनले पाङ्दोलाई टिबेटन एप्रन, भान्से बाहुनीलाई बाहुन वमन, भोटे माङ्गनेलाई टिबेटन बेगर, भोटे ध्वजालाई टिबेटन प्रेयर फ्लाग, खापस्योलाई खापसे बिस्किट, काजिनीलाई वाइफ अफ् सिक्किमिस् ओफिसियल, पञ्चबाजालाई फाइब-पिस म्युजिकल ब्यान्ड, चौकालाई कुकिङ प्लाट्फम, छनुवालाई स्ट्रेट मिलेट बियर, बक्खुलाई टिबेटन बक्खु, दौरा-सुराललाई हिल म्यान्स दौरा-सुराल, धानलाई अन्कुक्ट राइस, सङ्क्रान्तीलाई सङ्क्रान्ति फेस्टिबल, तिहारलाई तिहार फेस्टिबल, फेरीलाई ब्लोइङ ट्रमपेट्स काम्ड फ्रम थाइबोन्स, टटमैल घिरलिङलाई वेस्ट डिस्पोजल सिस्टम्स रोपवे भनी शब्द विस्तारको युक्ति लगाई अनूदित पाठलाई लक्ष्य पाठकका लागि बोधगम्य बनाउने प्रयास गरेकी छन्। टपरा, नौमती बाजा, छनुवा, गाग्री, माम्री, पनेरो, चिउरा, किपोट, बिर्ता, हाँडी जस्ता शब्दहरूको समतुल्य कायम गर्दा पनि शब्द विस्तारकै युक्ति अवलम्बन गरिएको पाइन्छ। नेपालीमा तौलिने, नाप्ने, भर्ने आदि क्रियाद्वारा निर्मित परिमाण बुझाउने शब्दहरू थुप्रै छन्। यस्ता परिमाणवाचक शब्दहरूको अङ्ग्रेजी समतुल्य बनाउन अनुवादक सफल देखिन्छिन् यद्यपि केही ठाउँमा परिमाण मूलको बराबर पाइँदैन। जस्तै-

| स्रोत पाठ | अङ्ग्रेजी अनुवाद |
|---|---|
| तीस मन भारी तीस कोस टाढा | वान-टन लोड वान हन्ड्रेट किलोमिटर्स अवे |
| चालिस बिघा | सिक्स्टि फाइव एकर्स |
| चार सय बिघा जमिन | ५७० एकर्स अव् ल्यान्ड |
| दश गज | टेन फिट |
| पावा कोस बाटो | फिफ्टिन किलोमिटर्स |
| आठ आना | थर्टी टु पैसा |
| एक चोइली भात | वान मोर ह्यान्डफुल अफ् राइस |
| तीन कोरी उमेर | एट् एज सिक्स्टी |
| दुई माना चामल | अ किलो अव् राइस |
| मनकडा | पर थर्टी |

आजभन्दा लगभग पैँसठ्ठी वर्षअघि लेखिएको यस उपन्यासमा त्यति बेला दार्जिलिङ, नेपाल, सिक्किमतिर प्रचलित रहेका शब्दहरूको प्रयोग पनि गरिएको पाइन्छ जुन शब्दहरूको अर्थ बुझ्न अहिलेका युवा पाठकलाई गाह्रो पर्ने देखिन्छ। कामत, सुब्बाङ्गी, बएर्नी, थुर, खौलो, धुलौटो, मनकडा, बेलायती, बलझन, पतलूनआदि यस्तै शब्दहरू हुन्। यस्ता शब्दहरूको प्रयोग मूल पाठका कतिपय वाक्यमा परेको हुनाले सम्प्रेषणमा बाधा उत्पन्न हुँदछ।

मूल पाठ पढ्दा नबुझिने देखिने यस्ता शब्दहरू अनुवादमा भने स्पष्ट बुझिन्छ। लरेन्स भेनुतीले आफ्नो पुस्तक **द ट्रान्सलेटर्स इन्भिजिविलिटी**मा अनूदित पाठ लक्ष्य पाठकका लागि धाराप्रवाह हुनु पर्छ भनेका छन्। मञ्जुश्री थापाले भेनुतीले भनेझैँ धाराप्रवाह अनुवाद गरेका छन्। उनले यस्ता शब्दहरूको प्रयुक्ति राम्ररी बुझेर त्यस अनुरूप अङ्ग्रेजी समतुल्य शब्दहरूको चयन गरेका छन्। यसरी समतुल्य चयनमा अनुवादक निकै सफल देखिन्छन्। अनुवादमा देखिने अन्तरसांस्कृतिक व्यवधानलाई मञ्जुश्री थापाले कुशल रणनीतिद्वारा समाधन गरेको पाइन्छ। कतिपय संस्कृतिजन्य शब्दहरूको समतुल्य भेटिँदैन। यस्ता शब्दहरूलाई थापाले लिप्यन्तरण गरेकी छन्। उदाहरणका रूपमा लोशर, झ्यम्टा, खोप्पी, टक्ढुङ्, कुशुले, जुवाइँ, टीकोटालो, इलामे लाछा, घेवा साङ्गे जस्ता शब्दलाई लिन सकिन्छ। यस उपन्यासमा विभिन्न वर्ग, लिङ्ग, पेसाका चरित्रहरू भेटिन्छन् र उनीहरूको व्यक्ति बोली पनि पाइन्छ। यस्ता व्यक्ति बोलीलाई पनि अनुवादक थापाले लक्ष्य पाठकका लागि सम्प्रेषणीय बनाएकी छन्। कतिपय सम्बोधनबोधक, विस्मयबोधक, सम्बन्धवाचक शब्दहरूलाई लिप्यन्तरण गरी मूल पाठप्रति निष्ठा पनि देखाएकी छन्। आरान, टपरा, पिरा, कुनिउ, थान, मलबाँस, पैठारी आदिलाई अङ्ग्रेजी संस्कृतिअनुरूप फ्याक्ट्रिस, स्टिज्ड-लिफ बोल्स, हुडन स्लट, हिप अफ् थ्रेस्ट स्ट्र, टेम्पल, ब्याम्बो, कन्ट्राक्ट भनिदिँदा कुनै अनुवाद क्षति भएको पाइँदैन। सांस्कृतिक सन्दर्भले भरिएका वाक्यहरूलाई समतुल्य वाक्यद्वारा प्रतिस्थापन गरिएको पाइन्छ। यसको एउटा सुन्दर उदाहरण - "राई मेरो जात, थर मेरो चाम्लिङ, सामा वाँ –भुँचा, पाछा वा-बुली कुरेपा (राई, इ सं १९९३, पृ-४१)।" यसको अनूदित पाठ - "माई कास्ट इज् राई, माई क्लान इज् चाम्लिङ, माई फादर्स लिनेज इज् वा-भुँचा, माई मदर लिनेज इज् वा-बुली कुरेपा (थापा, इ सं २०१७, पृ-५२)।" नेपाली समाजमा भाग्यसम्बन्धी बनिँएको चल्ती उखान 'भाग्यमा छ भनेर डोकामा दुध दुहेर हुँदैन' भन्ने पाइन्छ। डोकामा दुध अडिँदैन। मूल पाठमा पार्थिव रविलाई भन्छन् - "यो आइतबार बजारदेखि डोको किनेर ल्याउनु त्यसमा दूध दुहुनु। त्यसमा पनि सफल हुन्छौँ (राई, इ सं १९९३, पृ-४१)।" यहाँ डोको मात्र समस्या होइन तर यस वाक्यले वहन गर्ने समतुल्य अर्थ खोज्नु पनि गाह्रो देखिन्छ। 'डोको' शब्दलाई अङ्ग्रेजीमा अनुवाद गर्दा 'सर्कुलर ब्याम्बो स्टोरेज कन्टेनर' भन्न सकिएला वा अङ्ग्रेजी संस्कृतिअनुसार 'बकेट' पनि भन्न सकिन्छ नभए डोको नै लेखेर पादटिप्पणी दिन सकिन्छ तर यी सबै रणनीतिले पार्थिवले भन्न खोजेको मूल कुरामा चाहिँ आघात पर्न सक्छ। तर मञ्जुश्री थापाले एउटा उल्लेखयोग्य, प्रशंसनीय रणनीतिद्वारा यस वाक्यलाई अङ्ग्रेजीमा अनुवाद गरेकी छन्। उनले तरल पदार्थ अडिने बकेट र कुनै वस्तु, चिज बोक्न सकिने बास्केट यी दुई शब्दहरूलाई मिलाएर पार्थिवको आशयलाई अङ्ग्रेजीमा "बाई अ बास्केट इन दि बजार दिस् सन्डे, एन्ड युज इट् इन्स्टेट अफ् अ  बकेट टु मिल्क अ काउ, यु विल सक्सिड इबन एट ड्याट (थापा, इ सं २०१७, पृ-५०)" भनी प्रतिस्थापन गरेकी छन्। अनुवाद स्रोत भाषोन्मुख वा लक्ष्य भाषोन्मुख हुन्छ। प्रस्तुत अनूदित पाठचाहिँ मिश्रित रहेको पाइन्छ। इन्द्रबहादुर राईद्वारा प्रयुक्त भाषाशैलीप्रति अनुवादक निकै निष्ठावान् देखिन्छन् भने अनूदित पाठलाई अनुसृजन बनाउन पनि उत्तिकै सफल देखिन्छन्। इन्द्रबहादुरा राईले प्रयोग गरेका चुला शब्दको अङ्ग्रेजी समतुल्य स्टव् नभए तापनि अनुवादमा यस्तो प्रयोगलाई उचित नै मानिन्छ। बिर्तालाई एवार्डेड भन्नु र हाँडीलाई अर्थन पट भनिदिँदा स्रोत संस्कृतिप्रति अनुवादकले कुनै विश्वासघात गरेको हुँदैन। पितृका नाममा चामल वा जौको पिठाको डल्लो चढाइन्छ जसलाई पिण्ड भनिन्छ। पिण्डको समतुल्य शब्द अङ्ग्रेजीमा पाइँदैन। तर अङ्ग्रेजी संस्कृतिमा पनि श्रद्धापूर्वक अफरिङ गरिने परम्परा पाइन्छ। चर्जमा ब्रेड र वाइन अफर गरिन्छ। यस अनूदित पाठमा पनि पिण्डको समतुल्य अफरिङ राखिएको पाइन्छ। अक्षय तृतीयालाई थर्ड लुनर डे इन् स्प्रिङटाइम भनेर अक्षय तृतीयाको

लिप्यन्तरण पनि गर्नाले अनूदित पाठ घरेलु पार्ने र विदेशीपन पनि कायम गर्ने लरेन्स भेनुतीद्वारा प्रतिपादित दुईवटै पद्धतिको अवलम्वन गरिएको पाइन्छ। सांस्कृतिक अनुकूलन गर्नामा अनुवादक निकै सफल देखिन्छिन्। हिउँदोको पनेरोलाई रिभ्युलेट इन् दि विन्टरटाइम, फरियालाई सारिस, जात्रालाई सो, कुम्लोको कुम्लो लुगालाई स्याक अपन स्याक अफ् क्लोदिङ, डिङ्गरलाई लोलाइफ भन्नु सांस्कृतिक अनुकूलनका राम्रा उदाहरण हुन्।

## ४ निष्कर्ष

अनुवाद जटिल र बहुआयामिक क्रिया हो। तर अनुवादद्वारा नै कुनै पनि साहित्यिक कृतिको पुनर्जन्म सम्भव हुँदछ। एउटा भाषा र संस्कृतिमा सीमित रहेको पाठलाई अन्य भाषा र संस्कृतिमा पुऱ्याउँदा नाना चुनौतीहरू आइपर्छन्। यस्ता चुनौतीहरूलाई दृढतापूर्वक सामना गर्दै अनूदित पाठलाई लक्ष्य पाठकका लागि बोधगम्य बनाउन अनुवादक सङ्घर्षशील रहन्छन्। मञ्जुश्री थापा यस प्रक्रियामा सफल देखिन्छिन्। नेपाली र अङ्ग्रेजी भाषामाझ रहेको अन्तरसांस्कृतिक व्यवधानलाई विभिन्न रणनीतिद्वारा साम्य गर्न उनी कटिबद्ध देखिन्छिन्। दुई संस्कृतिमाझ समतुल्यताको निर्वाह गर्नाका लागि थापाले जुन युक्तिको प्रयोग गरेकी छन् ती अनुकरणीय छन्। आज रमिता छ उपन्यासमा प्रतिविम्बित तत्कालिन दार्जिलिङको सांस्कृतिक विम्बसँग अब विश्वभरिका पाठक अवगत हुनेछन्। महङ्गो चियाले ब्रान्डिङ गरेको दार्जिलिङको खसोखास समाज-सांस्कृतिक यथार्थसँग पनि विश्व पाठक अवगत हुनेछन्। यति मात्र होइन इन्द्रबहादुर राईको कथा बुन्ने शैलीसँग पनि विश्व पाठक परिचित हुने नै छन्। किनकि थापाले उपन्यासको भाषाशैली र संरचनालाई पनि मूल अनुरूप नै अनुवाद गरेका छन्। यसो हुनाले यस अनुवादलाई स्रोत भाषोन्मुख अनुवाद पनि भन्न सकिने पर्याप्त दृष्टान्तहरू पाइन्छन्। नेपाली र अङ्ग्रेजी भाषामाझ रहेको दूरत्वको कारण कतिपय संस्कृतिजन्य अभिव्यक्तिहरू लक्ष्य पाठकसम्म पुग्दा दूर्बोध्य पनि हुने आशङ्का गर्न सकिन्छ। तथापि आन्द्रे लेफिभ्रेको पुनर्लेखन (रि-राइटिङ) र सुजित मुखर्जीको नयाँ लेखन (न्यु राइटिङ) जस्ता मान्यताले भने अनूदित पाठको नयाँ जीवनलाई यथेष्ट सम्मान र न्याय पनि प्रदान गरेको देखिन्छ। अनुवाद नभई विश्व साहित्यको अवधारणाभित्र प्रवेश गर्न सम्भव छैन। अनुवादकै पिठिउँ चढी बाँचेको यस अवधारणाभित्र प्रवेश गर्ने अवसर मञ्जुश्री थापाले प्रदान गरेका छन् भन्दा अत्युक्ति नहोला।

## सन्दर्भ


दाहाल मोहन पी, इ सं २००१, **दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन

भट्टराई गोविन्दराज, इ सं २०१५, **अनुवाद अध्ययन परिचय**, काठमाडौँ, रत्न पुस्तक भण्डार

भट्टाचार्य वीरेन्द्र कुमार, इ सं २०१६, **मृत्युञ्जय**, दिल्ली , साहित्य अकादमी

राई इन्द्रबहादुर, इ सं १९९३, **आज रमिता छ**, चौथो संस्करण, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन

Basu Tapan, (Ed.), 2002, **Translating Caste**, Delhi, Katha publication

Basnet Susan, 2002, **Translation Studies**, Third Edition, London, Routledge

Basnet Susan and Trivedi Harish (Ed.), 1999, **Postcolonial Translation Theory and**

**Practice**, London, Routledge

Hornby Merry Snell, 2006, **The Turn of Translation Studies**, Amsterdam, John Benjamins

House, Juliane, 2016, **Translation as Communication across Languages and Culture**, London, Routledge

Jakobson, Roman, 2004, 'On Linguistic Aspect of Translation', Lowrence Venuti (Ed.), **Translation Studies Reader**, London, Routledge

Kothari Rita, 2003, **Translating India: The Cultural Politics of English**, London, Routledge

Mukherjee Sujit, 2022, **Translation as Recovery**, Delhi, Pencraft International

Nida, Eugene, 2001**, Contexts in Translating**, Amsterdam, John Benjamins

Pillai Meena T 2024, **Translating Kerela**, Telangana, Orient BlackSwan Pvt. Ltd

Prasad GJV, (Ed.), 2010, **Translation and Culture**, New Delhi, Pencraft International

Simmo Serry and Paul St. Pierre (Ed.) 2000, **Changing the Term Translating in the Postcolonial Era**, Canada, University of Ottowa Press

Thapa Manjushree (Trans.), 2017, **There is a Carnival Today**, New Delhi, Speaking Tiger

Venuti, Lowrence (Ed.), 2004, **the Translation Studies Reader**, London, Routledge

Williams Jenny, Chesterman, Andrew, 2002, **The Map: A Beginner's Guide to Doing Research in Translation Studies**, St Jerome publication